तिलोत्तमा नगरपालिका

नगर कार्यपालिकाको कार्यालय

मणिग्राम, रुपन्देही, ५ नं. प्रदेश, नेपाल

तिलोत्तमा नगरपालिकाको चौथो नगर सभाको दोस्रो बैठक मितिः २०७५/११/०६ गते ।

प्रस्तावहरुः

१. "सार्वजनिक निजी साझेदारी सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०७५" सम्वन्धमा ।

२. तिलोत्तमा नगरपालिकाको "न्यायिक समिति (कार्यविधि सम्बन्धी) ऐन, २०७५" प्रथम संशोधन सम्वन्धमा ।

३. "न्यायिक समितिको प्रतिवेदन, २०७५" छलफल सम्वन्धमा ।

४. कार्यपालिकाद्धारा गरिएका निर्णयहरु छलफल सम्वन्धमा ।

५. योजना, वजेट सम्वन्धमा ।

६. नगरपालिकाद्धारा हालसम्म सम्पादन भएका क्रियाकलापहरुको समिक्षा सम्वन्धमा ।

७. विविध ।

निर्णयहरु :

१. "सार्वजनिक निजी साझेदारी सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०७५" सम्बन्धमा ।

- सार्वजनिक निजी साझेदारीको माध्यमवाट स्थानीय तहमा वहुपक्षीय विकासको नीतिगत व्यवस्था गर्ने प्रयोजनार्थ कार्यपालिकाबाट स्वीकृत गरी पेश भएको "सार्वजनिक निजी साझेदारी सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०७५" सर्वसम्मतिले पारित गरियो ।

२. तिलोत्तमा नगरपालिकाको "न्यायिक समिति (कार्यविधि सम्बन्धी) ऐन, २०७५" प्रथम संशोधन सम्बन्धमा ।

- कार्यपालिकाको तर्फवाट नगर उप-प्रमुख श्री जगेश्वरीदेवी चौधरीवाट प्रस्तुत भएको तिलोत्तमा नगरपालिकाको "न्यायिक समिति (कार्यविधि सम्बन्धी) ऐन, २०७५" प्रथम संशोधन प्रस्ताव देहाय अनुसार हुने गरी पारित गरियो ।

संशोधन प्रस्तावको व्यहोरा :

| दफा | साविकको व्यवस्था | नयाँ संशोधित व्यवस्था | संशोधन गर्नुपर्ने कारण |
|---|---|---|---|
| ५९ को उपदफा (१) को खण्ड (क) | कम्तीमा स्नातक तह उत्तिर्ण गरेको | प्रचलित कानून अनुसारको योग्यता पुगेको । | स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ४७ को उपदफा (२) को खण्ड (क) देखि (ट) सम्मका मुद्दाहरु निरुपण गर्दा तिलोत्तमा नगरपालिकाको न्यायिक समिति (कार्यविधि) ऐन, २०७५ को दफा ५९ को देहाय खण्डमा मेलमिलाप कर्ताको सूची तयार गरी योग्यता पुगेका सूचीकृत मेलमिलाप कर्ताबाट विवादको निरुपण गर्ने व्यवस्था भएकोले । |



०७५-११-०६

३. "न्यायिक समितिको प्रतिवेदन, २०७५" सम्बन्धमा ।

- यस नगरपालिकाको न्यायिक समितिबाट हालसम्म सम्पादन गरिएका कार्यहरुको बारेमा विश्लेषणात्मक समीक्षा सहित तयार पारी कार्यपालिका मार्फत पेश भएको **"न्यायिक समितिको प्रतिवेदन, २०७५"** अनुमोदन गर्ने निर्णय गरियो ।

४. कार्यपालिकाद्धारा गरिएका निर्णयहरु छलफल सम्बन्धमा ।

- यस नगरपालिकाको कार्यपालिकाबाट हालसम्म भएका निर्णयहरुको बारेमा समीक्षा एवं छलफल गरी उक्त निर्णयहरु अनुमोदन गरियो ।

५. योजना तथा बजेट सम्बन्धमा ।

- चालु आ.व.का लागि नगरसभाबाट स्वीकृत वार्षिक बजेटमा कार्यपालिकाको निर्णयानुसार तथा नगरपालिकाको निर्णयानुसार २०७५/११/०६ गते सम्म भएका हेरफेर, विनियोजन र संशोधनको बारेमा जानकारी लिई उल्लिखित संशोधनहरु र बजेट हेरफेरलाई अनुमोदन एवं नियमित गरी कार्यान्वयनमा लैजाने निर्णय गरियो ।
- यस नगरपालिकाको आ.व. ०७५/०७६ को स्वीकृत वार्षिक कार्यक्रम अन्तर्गत नगर स्तरीय आकस्मिक पूर्वाधार ब.शी.नं. ३०१० मा छुट्टाइएको रकमको अधिकतम १५ प्रतिशत रकम सम्बन्धित वडाको समावेशी विकासका र प्रवर्धनात्मक क्रियाकलापहरुमा खर्च गर्नको लागि स्वीकृती दिने निर्णय गरियो ।

६. नगरपालिकाद्धारा हालसम्म सम्पादन भएका क्रियाकलापहरुको समीक्षा सम्बन्धमा ।

- यस नगरपालिकाको कार्यालय, विषयगत शाखा कार्यालय र अन्तर्गतका वडा कार्यालयहरुबाट हाल सम्म सम्पादन भएका कार्यहरुको समीक्षा गरी सार्वजनिक सेवा प्रवाह र विकास निर्माणका कार्यहरुलाई आगामी दिनहरुमा अझ बढी प्रभावकारी बनाउनको लागि सक्रियताका साथ अगाडि बढ्न सम्बन्धित सबै पक्षलाई प्रेरित गर्ने निर्णय गरियो ।